दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३७ | अंक १९० | बुटवल | २०८२ असार २२ गते, आइतबार | नेपाल संवत ११४५ | Sunday July. 06, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# एमालेमा बल्झिँदै ७० वर्ष उमेरहद र दुई कार्यकाल प्रावधान





**लुम्बिनी संवाददाता**

*बुटवल*

नेकपा एमालेमा ७० वर्ष उमेरहद र २ कार्यकालभन्दा बढी दोहोरिन नपाउने प्रावधानको विषय विवादित बनेको छ। पार्टीका वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेलले एक टेलिभिजन अन्तर्वार्तामा ७० वर्षे उमेर हदको प्रावधान कायमै रहेको अभिव्यक्ति दिएपछि सुरु भएको वहस र विवाद क्रमशः पेचिलो बन्दै गएको छ। नेताहरु पक्ष र विपक्षमा मत राखिररहेका बेला नेकपा एमालेका महासचिव शंकर पोखरेलले २ कार्यकाल र ७० वर्षे उमेर हदको प्रावधान पार्टीले दशौं राष्ट्रिय महाधिवेशनबाट हटाइसकेको फेसबुकमा लेखेका थिए । 'विधान महाधिवेशनमा पारित विधान र राष्ट्रिय महाधिवेशनपश्चात् प्रकाशित विधानमा देखिएको अन्तरलाई आधार बनाएर विधानमा छलछाम भनेर प्रचार गर्ने प्रयास भइरहेको छ।

जबकी राष्ट्रिय महाधिवेशन अघि बसेको केन्द्रीय कमिटीको बैठकले विधान महाधिवेशनबाट पारित विधानमा संशोधन गर्ने प्रस्ताव राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने सर्वसम्मत निर्णय गरेको थियो । उक्त निर्णय प्रस्तावलाई महाधिवेशनमा प्रस्तुत गरी सर्वसम्मत रुपमा पारित गरिएको थियो । त्यसमा केन्द्रीय कमिटीको आकार बढाउने र दुई कार्यकालको व्यवस्था हटाउने कुरा प्रमुख प्रस्तावका रुपमा रहेको थियो । सोही संशोधित विधानको व्यवस्था अनुरुप डा. पुष्प कंडेल तेश्रो कार्यकालका लागि लेखा आयोगको अध्यक्षमा निर्वाचित हुनु भएको थियो । ७० वर्षे उमेरहदको विषय भने पार्टी प्रवेशलाई व्यवस्थापन गर्ने सन्दर्भमा सचिवालयको निर्णय प्रस्तावमार्फत् केन्द्रीय कमिटीवाट हटाइएको थियो ।'-महासचिव पोखरेलले फेसबुकमा दुई दिन अघि यही लेखेका थिए । महासचिवको उक्त भनाइलाई चुनौती दिँदै नेकपा एमालेका नेता कर्ण थापाले ७० वर्ष उमेर हद र २ कार्यकालमात्रै पार्टीको नेतृत्वमा रहन पाउने व्यवस्था कायमै रहेको बताएका छन्। उनले यसमा जालझेल भएको आरोप समेत लगाएका छन् ।

शनिबार काठमाडौंमा पत्रकारहरुसँग बोल्दै उनले विधान महाधिवेशनले पास गरेको कुरा राष्ट्रिय महाधिवेशनपछि जालझेल गरेर छापिएको दाबी गरे ।

'केही-केही हाम्रा नेताहरुले सामाजिक सञ्जालमा आफ्नो पद दुरुपयोग गरेर पार्टी पंक्तिमा हामीले राष्ट्रिय महाधिवेशनबाट पारित गरेका थियौं भन्नुहुन्छ कहिले,' थापाले भने-'कसैले विधान महाधिवेशनमै परिवर्तन भएको भन्नुभएको छ । त्यो कही पनि छलफल, बहस भएको छैन। प्रथम विधान महाधिवेशनले जे फैसला गऱ्यो, ७० वर्षे उमेर हदवाला पनि विधान परिवर्तन भएको छैन।'

उनले २०७९ कात्तिकको ५ गते छापिएको विधान नै आधिकारिक रहेको दाबी समेत गरे । 'त्यो विधान जे छापियो, त्यो सक्कली विधान छापियो,' थापाको भनाइ छ-'जे पारित भयो त्यही छापिएको छ। त्यसपछि पुसको ५ गते दुईवटा विधान छापिएका छन्। बाहिरको बोक्रो चाहिँ विधान महाधिवेशनबाट पारित गरिएको भन्ने नै छ। अर्को विधान के छापियो भन्दा विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशनबाट पारित भनेर छापिएको छ। विधान महाधिवेशनबाट पारित भएको दुई कार्यकाल र ७० वर्षे उमेरहदवाला जस्ताको तस्तै छापिएको विधान पनि हामीसँग छ । त्यसमा छलफल केही पनि नगरी छाप्ने बेलामा अर्कै छापिएको विधान पनि छ, हामीसँग। यस प्रकारको जालझेलपूर्ण काम चाहिँ जसले गर्नुभयो, त्यो नगर्दिए हुन्थ्यो ।'

उनले पूर्वराष्ट्रपति विद्या भण्डारी फर्किंदा कुनै प्रश्न उठाउनुपर्ने कुनै कारण नरहेको समेत उल्लेख गरे । 'राष्ट्रपति भएको बेलामा उहाँ पार्टीको राजनीतिमा आउँछु भनेको भए प्रश्न उठ्नु स्वभाविक थियो,' थापाले भने-'अब पदीय दायित्व पूरा गर्नुपर्ने बेलामा गर्नुभयो । त्यसपछि पनि यो देशका निम्ति मैले केही गर्न बाँकी छ, म गर्न सक्छु, मेरो उमेर, ऊर्जा र अनुभव छ भन्नु भएको छ।' नेकपा एमालेमा पुर्व राष्ट्रपति विद्या भण्डारी सक्रिय राजनीतिमा फर्केको सन्दर्भमा ७० वर्षे उमेरहद र २ कार्यकालको विषय पार्टी अध्यक्ष केपी शर्मा ओलीसँग प्रत्यक्ष जोडिएकाले यो विषय पेचिलो बन्ने देखिएको छ।

## कुलिङ पिरियडमा गडबडी छानबिन गर्न समिति

बुटवल । संघीय निजामती विधेयकको कुलिङ पिरियडमा भएको गडबडीबारे छानबिन गर्नका लागि विशेष संसदीय समिति बन्ने भएको छ।

सभामुख देवराज घिमिरेसहित विभिन्न दलका नेताहरूबिच शनिबार भएको छलफलपछि उक्त विषयको छानबिनका लागि समिति बनाउने निर्णय भएको हो। समिति ७ सदस्यीय रहनेछ।

जसमा नेकपा एमाले र नेपाली कांग्रेसको तर्फबाट २/२ सदस्य रहनेछन् । त्यस्तै, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का तर्फबाट १/१ जना सदस्य रहनेछन् ।

संसद्को नियमावलीको १८० बमोजिम उक्त समिति बनाउने निर्णय भएको हो ।

समितिमा रहने सदस्यहरूको नामावली सोमबार सार्वजनिक हुनेछ । निजामती विधेयकमा रहेको सेवा निवृत्त उच्च पदस्त कर्मचारीले २ वर्षपछि मात्रै सरकारी नियुक्ति लिन पाउने व्यवस्था रहेको प्रतिवेदन राज्यव्यवस्था तथा सुशासन समितिले पारित गरेको भए पनि प्रतिनिधिसभाको पूर्णसभाबाट पारित भएर आउँदा अर्कै विषय रहेको पाइएपछि विवाद भएको थियो ।

राज्यव्यवस्था तथा सुशासन समितिले यसलाई सच्याउनुपर्ने र यसमा भएको छेडखानीको छानबिन गर्नुपर्ने निर्णय गरेको थियो ।

## बाल सुधार गृहमा सकारात्मक सौँच तालिम



बुटवल । लुम्बिनी प्रदेशसभा सदस्य निमा गिरीको पहलमा लुम्बिनी प्रदेशका विभिन्न बाल सुधार गृहमा रहेका करिब ५०० कानुनी विवादमा परेका बालबालिकालाई पुस्तक वितरण तथा सकारात्मक सौँचसम्बन्धी तालिम प्रदान गरिएको छ।

रुपन्देहीको बाल सुधार गृहमा आयोजित कार्यक्रममा बाल सुधार गृह रुपन्देहीका १०४ जना, जयन्दु बाल सुधार गृह बाँकेका १९६ जना, र नौबस्ता बाल सुधार गृहका १६८ जना बालबालिकाले सहभागिता जनाएका थिए।

कार्यक्रममा प्रमुख अतिथि गिरिले बालबालिकालाई सकारात्मक सौँच र जीवन परिवर्तनको आधारभूत सूत्रहरूबारे प्रशिक्षण दिएकि थिइन । 'तपाईं आफ्नो जीवनको खराब समय चलेको बेला कानुनी विवादमा पर्नु भयो भने सधैँ तपाईंको जीवनमा खराब समय चल्दैन, यहाँको बसाईलाई जीवन उपयोगी समयमा बदल्नुस, आफ्नो मुद्दा हेरेको वकिल कुन हो ? मुद्दा कहाँ पुगेको छ, त्यसको विषयमा चासो राख्नुस् । 'सबैको जीवनमा एक समय उज्यालो आउँछ र सँगै अँध्यारो पनि ।'-गिरीले भनिन् । सांसद गिरीको पहलमा लुम्बिनीमा हालसम्म तीन वटा बाल सुधार गृहमा बाल पुस्तकालय स्थापना भइसकेको छ । पुस्तकालय स्थापना र तालिममार्फत् सुधार गृहमा रहेका बालबालिकाको मनोबल अभिवृद्धि गर्ने उद्देश्य लिइएको सांसद गिरीले बताइन् ।

रुपन्देही बाल सुधार गृहमा आयोजित कार्यक्रममा निमित्त कार्यालय प्रमुख बोधराज आचार्यको अध्यक्षता रहेको थियो। कार्यक्रमको स्वागत मन्तव्य आन्तरिक मामिला तथा कानुन मन्त्रालय लुम्बिनी प्रदेशका भूपबहादुर मल्लले राखेका थिए भने विशिस्ट अतिथिका रूपमा रुपन्देहीका प्रहरी नायब उपरीक्षक गणेश सापकोटा उपस्थित थिए। कार्यक्रमको सञ्चालन गंगाधर पाण्डेले गरेका थिए।

कार्यक्रममा सहभागी बालबालिकाले पुस्तक पढ्न पाउँदा खुसी लागेको प्रतिक्रिया दिएका थिए । सकारात्मक सौँचको तालिमले आफूहरूमा जीवनप्रति नयाँ आशा जागेको उनीहरूको भनाइ थियो।

लुम्बिनी प्रदेशले आउँदो बजेटमा सुधार गृह तथा कारागारमा रहेका व्यक्तिहरुलाई मागमा आधारित तालिम सञ्चालन गर्ने गरी बजेट बिनियोजन गरिएको र आगामी दिनमा अझ धेरै सुधार गृह र बाल आश्रमहरूमा सीपयुक्त कार्यक्रम विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरिन।

## बसको ठक्करबाट दुई जनाको मृत्यु

बुटवल । पश्चिम नवलपरासीमा बसको ठक्करबाट मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ। पाल्हीनन्दन गाउँपालिका- १, झरही खोलामा भएको दुर्घटनामा प्रतापपुर गाउँपालिका- ४, पाँचपेडा बस्ने वर्ष २१ का भोला राजभर र रामग्राम नगरपालिका- १५, डिगौल बस्ने १८ वर्षका राहुल राजभरको मृत्यु भएको हो।

महेशपुर-भुजहवा भित्री सडक खण्डको मोडमा ओभरटेक गर्ने क्रममा लु २ ख ६५४ नम्बरको बसले राजभरद्वय चढेको लु ४७ प ४८७९ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी, प्रहरी नायब उपरीक्षक वीरदत्त पन्तले जानकारी दिए।

उनका अनुसार दुर्घटनामा गम्भीर घाइते भएका दुवै जनालाई उपचारका लागि पृथ्वीचन्द्र अस्पताल परासी पुऱ्याइएको भए पनि चिकित्सकले मृत घोषित गरेका थिए।

बसका चालक रामग्राम इमिलीटोल बस्ने ३१ वर्षीय सद्दाम अली अन्सारीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।






दैनिक लुम्बिनी

## सम्पादकीय

# जनसंख्या बढाउने चुनौती

वि.सं. २०१८ सालमा भएको छैठौं राष्ट्रिय जनगणनामा नेपालको जनसंख्या ९४ लाख १२ हजार ९ सय ९६ थियो। ६ दशकपछि २०७८ सालमा भएको बाह्रौं राष्ट्रिय जनगणनाअनुसार नेपालको जनसंख्या तीनगुणा बढेर २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ पुगेको छ। छैठौं जनगणनामा प्राप्त तथ्याङ्कअनुसार, जनसंख्या वृद्धिदर वार्षिक १ दशमलव ६४ प्रतिशत थियो। अहिले जनसंख्या वृद्धिदर आधा घटेर ० दशमलव ९२ प्रतिशत कायम भएको छ। कुल प्रजनन् दर घटेर १ दशमलव ९ मा झरेको छ।

यो तथ्याङ्कले मुलुकले अब जनसंख्या घटाउने होइन्, बढाउने नीति र कार्यक्रम अघि बढाउनुपर्ने भएको छ। कुनै बेला जनसंख्याको वृद्धिलाई रोक्न धेरै सन्तान नजन्माउनका लागि राज्यले कार्यक्रम अघि सार्‍यो। अब जनसंख्या बढाउन सन्तान जन्माउन प्रोत्साहित गर्नुपर्ने भएको छ। त्यसो त स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको जनसंख्या नीति २०८१ को आधारपत्रमा तीनवटा बच्चा जन्माउन दम्पतीलाई प्रोत्साहन गरिएको छ। जनसंख्याको आकार विस्तारै बढ्दै गएको भए पनि बढ्ने दर घटिरहँदा आगामी दिनमा जनसंख्या कम हुँदा समस्या पर्ने देखिन्छ। जन्मदर घट्दा अबको दुई दशकमै नेपालमा सक्रिय जनसंख्या पर्याप्त नहुने देखिन्छ।

विभिन्न वहानामा युवाहरु विदेश गइरहेका छन्। विदेश गएका युवाहरु उतै घरजम गरेर बस्ने र उनीहरुका सन्तान समेत उतै रहँदा सम्भावित चुनौतीको आँकलन हुनुपर्छ। बसाइँसराइ अहिले पहाडबाट तराई, गाउँबाट शहर र शहरबाट अर्को देशमा भइरहेको छ। पहिले दसैंमा टिका थाप्न छोराछोरी बाबुआमा खोज्दै देश आइपुग्थे। परिवार, आफन्त र गाउँमा खुशीयाली र रौनक आउँथ्यो। यो वर्षको दसैंमा कैयौं अभिभावक छोराछोरी खोज्दै अष्ट्रेलिया, अमेरिका, क्यानडालगायत पुगे। यसले आगामी दिनमा अहिलेकै नीति र कार्यक्रम कायम हुँदा नेपालमा जनसंख्या अझैं घट्ने निश्चित छ।

नेपालले सन् १९५९ मा परिवार नियोजन संघ स्थापना गरेर अनौपचारिक रूपमा जनसंख्या नियन्त्रणको नीति लिएको थियो। सन् १९६५ मा राजा महेन्द्रले तत्कालीन राष्ट्रिय पञ्चायतको बैठकमा देशको जनसंख्या वृद्धिदर उच्च भएको, यसले विविध समस्या निम्त्याउने र विकासमा बाधा पुग्ने तर्क गर्दै जनसंख्या नियन्त्रणसम्बन्धी नीति लिने घोषणा गरेका थिए। तेस्रो पञ्चवर्षीय योजनादेखि निरन्तर रूपमा जनसंख्या नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउने लक्ष्य राखेको राष्ट्रिय योजना आयोगले १६औं पञ्चवर्षीय योजना उक्त प्रावधान हटाइदिएको छ।

नेपालमा प्रजनन्दर एक्कासी घट्नुको अर्थ बढ्दो महँगी, बच्चाको शिक्षा र स्वास्थ्य धान्न बाबु आमाको कमाइ नपुग्नु हो। शिक्षा र रोजगारीमा वृद्धि भएसँगै महिलाले बच्चा जन्माउने सवाललाई कम प्राथमिकता दिन थालेका छन्। जन्मदरको विश्लेषण गरेर नीतिमा नै त्यसलाई प्रोत्साहन गर्ने, दुईभन्दा बढी बच्चा जन्माउने दम्पतीलाई स्थानीय तहबाट दिइने कर छुट, सुत्केरी स्याहार र शिक्षा र स्वास्थ्यमा सुविधाजस्ता कार्यक्रमले दम्पतीहरू बच्चा जन्माउन प्रोत्साहित हुन सक्छन्।

# रचनात्मक पत्रकारिताको बहस

त्रिभुवनचन्द्र वाग्ले

रचनात्मक, समाधानमुखी, जनमैत्री जे जस्ता शब्दले उच्चारण गरिए पनि 'कन्स्ट्रक्टिभ जर्नालिजम' बहसको एउटा विषय बन्न सक्छ। सामाजिक विज्ञानलगायत विभिन्न सङ्कायमा विभिन्न बहस, दृष्टिकोण, सिद्धान्त बन्दै जान्छन्। यिनै कारणले यस्ता सङ्काय धनी (रिच) पनि हुँदै जान्छन्।

अहिले जेलाई पत्रकारिता भनिएको छ, त्यो नै विगतको पत्रकारिता थिएन। रोमन सेनाको गतिविधि सार्वजनिक गर्न अभ्यास गरिएको 'एक्टा डिउर्ना' उतिखेरको 'पत्रकारिता' हुन सक्छ तर सेनाको गतिविधि सार्वजनिक गर्नु मात्र अहिलेको पत्रकारिता हुन सक्दैन। समयको लामो शृंखलामा पत्रकारिताबारे प्राज्ञिक अध्ययन अध्यापन सुरु भएको छ। पत्रकारिताबारे विभिन्न दृष्टिकोण, विचार, मान्यता बनेका छन्। कतिपय सिद्धान्त बनेका छन्। पत्रकारिताले समयसँगै अथाह अनुभव बटुलेको छ। पत्रकारिता यसरी सम्पन्न (धनी) हुँदैछ। पत्रकारितालाई सम्पन्न बनाउन विभिन्न विद्वान्को योगदान छ।

पत्रकारितामाथि राखिने विभिन्न विचार दृष्टिकोण जस्तै 'रचनात्मक' पत्रकारिता पनि हो, तर विकास पत्रकारिता, आर्थिक पत्रकारिता, खेलकुद पत्रकारिता जस्तै रचनात्मक पत्रकारिता पनि हुँदैन। पत्रकारिता बस् एउटा मात्र हो, पत्रकारिता। बाँकी पत्रकारिताका विषय, शैली, बिट वा स्वरूप अथवा माध्यम हुन्। 'रेडियो पत्रकारिता' पनि हुनै सक्दैन। रेडियो माध्यम हो, त्यसबाट गरिने पत्रकारिताको स्वरूप मात्र भिन्न हुन सक्छ। 'रचनात्मक' रिपोर्टिङ पत्रकारिताको एउटा बिट विषय क्षेत्र मात्र हो। केही समयअघि गोरखापत्रको 'गर्दै सिक्दै' अभियानअन्तर्गत गोरखापत्र संस्थान र प्रेस काउन्सिल नेपालको आयोजनामा रचनात्मक पत्रकारिताबारे जुन बहस भएको थियो त्यसलाई थप स्पष्ट पार्नु आवश्यक छ।

'रचनात्मक पत्रकारिता' मा प्रवेश गर्नुअघि पत्रकारिता शिक्षा हो कि सिप/कला भन्ने बहस गरौँ। कि पत्रकारिता विज्ञान हो ? शिक्षा र सिपको मूलभूत भिन्नता एकै वाक्यमा भन्न सकिन्छ 'शिक्षा सैद्धान्तिक हुन्छ जबकि सिप अभ्यासजन्य प्राक्टिकल हुन्छ।' 'ध्यान गर्‍यो भने तनाव व्यवस्थापन गर्न सकिन्छ' यो शिक्षा हो। यसमा सिद्धान्त छ। आग्रह/मान्यता (भ्यालु) छ। जबकि बुद्धले जसरी बसेर (बस्ने, बोल्ने, सास फेर्ने तरिका छन्) ध्यान गर्नु सीप/कला हो। पत्रकारितालाई शिक्षा बनाउनु हुन्छ भने यसमा वाद, वाद अनुसारका दृष्टिकोण, मूल्य, मान्यता, आग्रह पस्छन्। यसलाई सिप बनाउनु हुन्छ भने व्यक्तिगत आग्रह, मूल्यमान्यता, आग्रहबाट मुक्त गर्दै एक स्वतन्त्र व्यावहारिक अभिव्यक्ति बनाउन सक्नुहुन्छ। शिक्षा कुनै आस्था, वाद, मूल्य, मान्यता, नौतिकतामा आधारित अर्थात् नर्मेटिम हुन्छ, जस्तैः 'चोर्नु हुँदैन, पाप लाग्छ' नैतिक शिक्षाले भन्छ। 'चोर्नु हुँदैन, जेल परिन्छ' कानुनी शिक्षाले भन्छ। पत्रकारिताले यस्ता मान्यता राख्ने कि नराख्ने ? राख्ने हो भने नैतिक शिक्षाबाट पत्रकारितालाई कसरी अलग गर्नु हुन्छ ? जब पत्रकारितालाई नैतिक शिक्षाबाट अलग गर्न सक्नुहुन्न तब पत्रकरिताको अस्तित्व वा औचत्य कहाँ बचाउन सक्नु हन्छ ? तसर्थ पत्रकारिताले चोर्नुहुन्छ हुँदैन भन्नुभन्दा पनि चोरीका घटना र परिणाम बताइदिने हो।

पत्रकारितालाई प्रत्यक्षवाद (पोजिटिभिजम) को एक डिसिप्लिन (शाखा) बनाउन चाहनुहुन्छ भने यसमा व्यापक अध्ययन अनुसन्धान गरेर तथ्य प्राप्त गरी तथ्यलाई सामान्यकृत (जनरलाइजेसन) गरेर सामाजिक सिद्धान्तको निर्माण गर्न सकिन्छ। पत्रकारितालाई सिद्धान्तको प्रस्तुति वा विज्ञान बनाउनुहुन्छ भने सामाजिक विज्ञानका कथन (भाष्य) र पत्रकारिताका वर्णनलाई कसरी भिन्न गराउनुहुन्छ ?

पत्रकारिताता सामाजिक सीप, सामाजिक शिक्षा, सामाजिक अध्ययन र सामाजिक विज्ञानको समिश्रणबाट उत्पादित तर स्वतन्त्र अस्तित्व भएकाले पत्रकारिता यी सङ्कायबाट नजिक तर भिन्न हुनु पर्छ। जसरी झुसिलकिराबाट पुतली बन्छन् तर बनिसकेपछि पुतलीको छुट्टै अस्तित्व स्वीकार गरिन्छ र त झुसिलकिरा र पुतलीलाई एउटै हुन् भन्न पाइँदैन। पत्रकारितालाई सामाजिक सीप, सामाजिक शिक्षा, सामाजिक अध्ययन र सामाजिक विज्ञानको मिश्रण भन्नुका कारण छन्।

पत्रकारिताभित्र समाचार, व्यक्तिगत विचार, संस्थागत विचार, सूचना, विज्ञापन, तस्विर/दृश्य जस्ता धेरै सामग्री हुन्छन्। फेरि समाचार पनि विभिन्न प्रकारका हुन्छन्। समाचार घटनाको व्याख्यान मात्र भएकाले यसमा विचार होइन घटनाको व्याख्या गरिन्छ। समाचार विचार व्यक्त गर्न होइन, घटनाको जानकारी दिन लेखिन्छ। त्यसै भएर समाचार लेखनका सन्दर्भमा 'राइटिङ फर एक्स्प्रेसन, नट फर इम्प्रेसन अर्थात् वर्णन लागि लेख, प्रभावका लागि होइन' भनिन्छ। समाचारमा अरूको विचार राख्न सकिन्छ। साथै, समाचार पढेर कसैले विचार बनाउन भने सक्छ तर समाचारदाता स्वयम्ले समाचारमा विचार व्यक्त गर्ने होइन। यसर्थ, समाचारमा मात्र आधारित भएर भन्ने हो भने, पत्रकारिता बिल्कुल सिप/कला हो। शिक्षा होइन।

पत्रकारितामा समाचार मात्र नभएर लेख, सम्पादकीय, सूचना विज्ञापनजस्ता सामग्री पनि हुन्छन्। लेख र सम्पादकीयमा विचार राख्न पाइन्छ। लेखमा व्यक्तिगत र सम्पादकीयमा संस्थागत विचार राखिने भएकाले यिनमा आग्रह वा मान्यता रहन्छन्। त्यस कारण यस्ता सामग्रीलाई 'शिक्षा' भन्न सकिन्छ। यहाँनेर पत्रकारितालाई 'एडुकेसन, विथआउट द फेस अफ टिचर' जो भनिन्छ, त्यसको पुष्टि गर्न सकिन्छ। यसरी हेर्दा, पत्रकारिता सिप मात्र होइन शिक्षा पनि हो।

सामाजिक अनुसन्धानका विधि अपनाएर तथ्याङ्कसहितको गहन (डेफ्थ न्यूज) समाचार लेख्नुभयो भने सामाजिक अध्ययनका सामग्री तयार गर्नुभएको हुन्छ। पाठकका लागि यस्ता समाचार/सामग्री सामाजिक अध्ययन हुन सक्छ। समाजका घटना, विकास, परिवर्तन, मूल्य, मान्यतालाई यसरी लेखेर पत्रकारितालाई 'सामाजिक अध्ययन' बनाउन सक्नुहुन्छ। यस्ता साम्रगीमा समाचारदाताले सिप/कला प्रयोग गर्दै र समाचारीय व्याख्या गर्छ भने यो सामाजिक वा जीवनोपयोगी सिप भयो, किनभने सञ्चारलाई अन्तरवैयक्तिक सिप पनि भनिन्छ। कसैले यस्ता सामग्रीमा आफ्ना विचार, आग्रह वा समाजका मूल्यमान्यता, विश्वास विचार मिसाएर अर्तिमूलक (नर्मेटिभ) बनाउँछ भने यस्ता सामग्री 'शिक्षा' वा 'अध्ययन' हुने भए।

त्यसो भए पत्रकारिता विज्ञान हो त ? विज्ञान हुनका लागि पत्रकारितालाई त्यति सहज छैन, किनभने 'अगस्ट कम्ट,' 'इमाइल दुर्खिम,' 'हर्बर्ट स्पेन्सर,' 'म्यालिनोस्की' ले सामाजिक कला (आर्टस्) लाई सामाजिक विज्ञानमा रूपान्तरण गर्न जुन परिश्रम गरे र हिजोको कला आज सोसल साइन्स/सफ्ट साइन्स भएको छ। यस्तै परिश्रम गरेर पत्रकारितालाई विज्ञान बनाउन सकिएला तर त्यसअघिसम्म पत्रकारितालाई सामाजिक विज्ञान होइन, सामाजिक विज्ञानसँग सम्बन्धित स्वतन्त्र सङ्काय मात्र भन्नु पर्छ। बनाउनु पर्छ। विज्ञान हुन नयाँ सिद्धान्त बनाइनु पर्छ, पुराना सिद्धान्तको परीक्षण गर्नु पर्छ। परीक्षणपछि कि त पुराना सिद्धान्तको पुष्टि गर्नु पर्छ होइन भने त्यस्ता सिद्धान्तलाई असत्य प्रमाणित (फल्सिफाइ) गर्न सक्नु पर्छ या परिमार्जन गर्न सक्नु पर्छ। पत्रकारिता सिद्धान्त बनाउने बाटोमा नहिँड्ने भएकाले विज्ञान र पत्रकारिताको सन्दर्भमा 'नजाने गाउँको बाटो नसोधौँ।'

अब रह्यो रचनात्मक पत्रकारिता। कसैले रचनात्मक मिडिया पनि भन्लान्। रचनात्मक पत्रकारिता र माध्यम मिडिया भिन्न हुन् भनिरहनु परेन। पत्रकारिता सन्देश र मिडिया माध्यम हो। पत्रकारिता वा मिडिया कुनलाई रचनात्मक बनाउन चाहिएको हो, पहिला यहाँ स्पष्ट हुनु पर्छ। रचनात्मक पत्रकारिताले।

-द्वन्द्व र घटना मात्र देखाउँदैन, प्रगतिका कुरा पनि गर्छ,
-समस्या मात्र देखाउँदै, समाधानका उपाय पनि दिन्छ,
-जनतासँग बढी अनुकूल, पब्लिक फ्रेन्ड्ली हुन्छ,
-सकारात्मक परिवर्तनका लागि महत्व दिन्छ,
-विकास गतिविधिलाई बढावा दिन्छ भनिन्छ।

यस सन्दर्भमा स्पष्ट पारौँ- पहिलो कुरा त 'रचनात्मक पत्रकारिता' भन्ने हुँदैन। यसो भनियो भने एक सग्लो नेपाल अधिराज्यभित्र मुस्ताङ्मा पनि राजा थिए भनेर पुष्टि गर्न खोजे जस्तै हुन्छ। पत्रकारिता शब्द यस्तो पदार्थ होइन जुन जस्तोसुकै भाँडामा राख्न सकियोस्। पत्रकारिताभित्र एउटा बिट हुन सक्छ 'रचनात्मक' रिपोर्टिङ। विकास पत्रकारिता भन्नेहरूले रचनात्मक पत्रकारितालाई पनि विकास पत्रकारिता नै भन्छन्, मान्छन्। कुरो उही हो, विकास पत्रकारिता पनि हुँदैन। यो पनि बिट वा क्षेत्र/विषय हो। फोटो पत्रकारिता पनि पनि हुँदैन। पत्रकारितामा फोटो मात्र हुन्छ। फोटो पत्रकारिताको परिभाषा हेर्नुभयो भने यसलाई 'पत्रकारिताको विशेष स्वरूप, जसमा शब्दको सट्टा दृश्यले कथा व्यक्त गर्छ' भनिएको छ। यसलाई पत्रकारिताको 'विशेष स्वरूप' भनिएको छ। पत्रकारिता नै भनिएको छैन। माथि पनि भनिएको छ- माध्यम तथा प्रविधिका कारण पत्रकारिताका स्वरूप, शैली र स्वर भिन्न भिन्न हुन्छन्। पत्रकारिता भन्नु एउटै अवधारणा हो। मानिस भन्नु एउटै हो। ककेसियन, मङ्गोलाइड वा निग्रोइड, महिला, पुरुष, हिमाल, तराईको मानिस वा धर्मका आधार/विशेषतामा भिन्न भिन्न मानिस भन्न सकिएला तर मानिस त एउटै हो। अफ्रिकावासीलाई पहिला मानिस भनेर जान्दछौँ कि 'निग्रोइड' भनेर ?

पत्रकारिताभित्रको वैयक्तिक आलेख वा सम्पादकीयले समस्या मात्र देखाउँदै, समाधान पनि दिन्छन्। जुन काममा लागि रचनात्मक पत्रकारिता भन्ने बहस उठाउनै पर्दैन। जहिलेबाट पत्रकारितामा लेख/सम्पादकीय छापिन थाले त्यहाँदेखि नै पत्रकारिता 'रचनात्मक' छँदै छ। जहाँसम्म समाचारको कुरा छ, रचनात्मक पत्रकारिताका समर्थकले भने झैं समाचारले समस्याको सिधै समाधान दिन सक्दैन। फेरि एउटै उपाय सबका लागि समाधान पनि हुँदैन। एकैछिनलाई मानौँ, रचनात्मक पत्रकारिता गर्नेले माओवादी सशस्त्र द्वन्द्वको 'समाधान' कसरी दिन्थे ? यस्तो पत्रकारिताले दिने उपाय माओवादी, सेना, सरकार र आमजनताका लागि समान समाधान हुँदैनथ्यो। माओवादीले जेलाई समाधान भनिरहेको हुन्थ्यो अथवा एउटा पत्रिकाले जेलाई समाधान भन्थ्यो, त्यो राज्य/सरकारलाई समाधान नहुन पनि सक्थ्यो। अहिले राजा फर्काउने वा नफर्काउने सतही बहस छ। समाधान के हो त ? रचनात्मक पत्रकारिताले यस्तो बहसमा सर्वमान्य समाधान दिन सक्दैन। घटना मात्र देखाउन सक्छ। समाधान दिने अन्य अङ्ग र निकाय हुन्छन्, समाज वा राज्यमा। 'कसैले नदिएको पगरी आफैँ गुथ हनुमान' भने जस्तो कसैले भनुन् नभनुन् पत्रकारिता आफैँ समाधानका उपाय दिने गुरु हुने हो भने अरू निकाय वा सङ्कायले के गर्ने ?

रचनात्मक पत्रकारिताले समस्या मात्र देखाउँदैन, समाधान पनि दिन्छ भनिएको छ। पत्रकारिताले समाधान नै दिने हो कि समाधानका उपाय देखाउने हो भनेर स्पष्ट हुनु पर्छ। पत्रकारिताका कुनै सामग्री (समाचारबाहेक) ले महँगी नियन्त्रणको उपाय दिन सक्छन् तर महँगी नियन्त्रण नै त गर्दैनन्। उपाय मात्र दिएर के गर्ने, सरकारले सुन्दैन भन्दै एक दिन कसैले 'अप्लाइड जर्नानिजम' भनेर पत्रकारिता वा पत्रकार आफैँले नै महँगी नियन्त्रण गरिदिनु पर्छ भन्यो भनेर लेख्नु/बोल्नुपर्ने पत्रकार महँगी नियन्त्रणमा परिचालन भए भने पत्रकारिता भन्ने जिनियस कहाँ रहन्छ ? पत्रकारितामा सधैँ सोधिने एउटा प्रश्न छ-'फोटो पत्रकारले घरमा आगो लागेको दृश्यको फोटो खिच्ने कि, घरको आगो निभाउने ?' रचनात्मक पत्रकारिताको परिकल्पना पनि यस्तै हो। यस्ता प्रश्नलाई के उत्तर दिन्छ रचनात्मक पत्रकारिताले ? रचनात्मक पत्रकारिताका नाममा जातीय छुवाछुतका घटनालाई दबाबमूलक मिलापत्रतिर लैजानुलाई कानुनले रचनात्मक भन्दैन। घटनाका पीडा लुकाउनु रचनात्मक पत्रकारिता र सोचभित्र पर्छन् ? पत्रकारिताले आफ्नो जिम्मेवारी निर्वाह गर्ने हो। अदालत र प्रहरीको जिम्मेवारी पनि निर्वाह गर्नु भनेर पत्रकारिताले आकाश थाम्ने उद्घोष गर्नु हास्यास्पद हुन्छ। समाजका तिता यथार्थ लेखिएन भने पत्रकारिता शासक-भक्तिको सुरिलो गीत बन्छ, जो अधिनायकवादी (अथोरोटेरियन) पत्रकारिता बन्ने खतरा बढ्छ। मालिकको ज्यूहजुरीमा बित्छ पत्रकारिताको जोवान। अर्कोतिर, समाधान आफैँमा अर्मूत कुरा हो। समाधान ससर्त हुन्छ। देश, काल, परिस्थितिले निर्धारित गर्छ समाधान र यसका उपाय। जनताले देखाएका उपाय सरकारका लागि समाधान नहुन सक्छ। पत्रकार वा पत्रकारिता के त्यस्तो 'हम जाएगा' हो, जसले कसैले गर्न नसकेको काम गर्छ ? पत्रकारिता सामाजिक अध्ययनसँग नजिक भएकाले यसमा नयाँ नयाँ विचार, दृष्टिकोण, मान्यता, कहिलेकाहीँ सिद्धान्त पनि आउन सक्छन् तर ती विचार, दृष्टिकोण, मान्यता, सिद्धान्त सधैँ सबैका लागि लागु हुन्छन् भन्न सकिँदैन। पञ्चायतले जातीय सवाललाई पूर्ण रूपमा समस्या भन्थ्यो, सामाजिक सहिष्णुताका नाममा तर गणतन्त्रले त जातीय विषयलाई समाधान मान्नु पर्छ। वैचारिक सौन्दर्य मान्नु पर्छ।

पत्रकारिता अपवादका घटनामा आधारित शास्त्र हो। बेलायतका पत्रकारिता विज्ञ 'जोनाथन फिन्बाइ' ले पत्रकारिताको विकास बिटका सन्दर्भमा उदाहरण दिए- सयौँ रेल सुरक्षित गन्तव्यमा पुगे त्यो समाचार बन्दैन तर एउटा रेल दुर्घटनामा परे त्यो समाचार बन्छ। किनकि पत्रकारिता 'एक्सेप्सनल केस' मा आधारित हुन्छ। यति भनिसकेपछि खानेपानीको व्यवस्था गर्नु स्वाभाविक भएकाले सरकारले कही धारा पुर्‍यायो भने सामान्यतः त्यसलाई रचनात्मक पत्रकारिताका नाममा बढी-बढाऊ समाचार बनाउनु पर्दैन किनभने यो स्वाभाविक प्रक्रिया हो। जनतालाई पानी पनि खुवाउन नसक्नु अस्वाभाविकता हो तसर्थ पानीको अभावको ठुलो समाचार बन्छ।

रचनात्मक पत्रकरिता भन्नेहरूले अभाव र विकृतिका घटनालाई नकारात्मक समाचार भन्लान्। समाचार सकारात्मक र नकारात्मक हुन सक्दैनन्। समाचार होइन घटना मात्र सकारात्मक र नकारात्मक हुन सक्लान्। सामाजिक विज्ञानले त घटनालाई पनि सकारात्मक र नकारात्मक भन्दैन। र त ऊ भ्यालु फ्रि छ। अनि त ऊ विज्ञान भएको छ।

रचनात्मक हुने नाममा समस्या लुकाउनु हुँदैन। नेपालको सन्दर्भमा कसैले चिया र दूध बेच्न नपाउने, अनि सामाजिक सहिष्णुताका नाममा रचनात्मक पत्रकारिताले यस्ता घटना बाहिर नल्याउनु ? यो सम्भव हुँदैन। कसैले भन्लान् 'दूध बेच्न पाएनन्' को सट्टा 'दूध बेच्न पाउनु पर्छ' भनियो भने रचनात्मक पत्रकारिता हुन्छ। तर 'दूध बेच्न पाएनन्' भन्ने समाचारले दूध बेच्न पाउनु पर्छ भन्ने लुप्त सन्देशकै वकालत गरिरहेको पनि हुन्छ। त्यसैले पत्रकारितामा आउने हरेक समाचारले समाधान सङ्केत गरेकै हुन्छन् र रचनात्मक हुन्छन् नै। यसो हो भने रचनात्मक पत्रकारिता भनेर बौद्धिक विलास गर्नु आवश्यक छैन। पत्रकारिता आफैँमा रचनात्मक परिणामका लागि गरिन्छ। गोपबाट

## गर्मीका महिनामा स्वस्थ जीवनशैली :

# शरीरलाई चिसो र सक्रिय कसरी राख्ने ?

डा.अरुणकुमार सिंह

गर्मीको मौसम केवल तापमानको हिसाबले चुनौतीपूर्ण होइन, यो हाम्रो सम्पूर्ण जीवनशैली र स्वास्थ्यका लागि पनि एक किसिमको परीक्षा हो। तापक्रमको तीव्र वृद्धि, सूर्यको प्रचण्ड ताप र लू (तातो हावा) का कारण शरीर र मस्तिष्कमा प्रत्यक्ष असर पर्न सक्छ। यस्तो अवस्थामा स्वस्थ, ऊर्जाशील र सक्रिय रहनका लागि मौसमअनुसार खानपान र बानीमा आवश्यक परिवर्तन गर्नु अत्यावश्यक हुन्छ।

**गर्मी र शरीरको सम्बन्ध**

जब बाहिरी तापक्रम अत्यधिक हुन्छ, शरीरमा पनि उष्मा बढ्छ। यस अवस्थामा छालामा रहेका रक्तनलीहरू फराकिला हुन्छन् ताकि तातो निस्कन सकोस् र शरीरले चिसो महसुस गरोस्। तर यस्तो प्रक्रियाले शरीरमा ऊर्जा खर्च गराउँछ र शरीर चाँडै थाक्न सक्छ। गर्मीमा शरीरलाई तातो राख्न धेरै ऊर्जा चाहिँदैन, त्यसैले अरू मौसमको तुलनामा क्यालोरीको आवश्यकता कम हुन्छ। यदि हामीले खाना त्यत्तिकै मात्रामा खाइरह्यौं भने पाचन प्रणालीमा तनाव आउन सक्छ र विभिन्न स्वास्थ्य समस्या निम्तिन सक्छन्।

**गर्मीमा जीवनशैलीमा अपनाउनुपर्ने महत्वपूर्ण उपायहरू**



१. हल्का र सुपाच्य खाना खानुहोस्

गर्मीमा पाचन प्रणाली अलिकति सुस्त हुन्छ। त्यसैलेः

पोषिलो, हल्का र सजिलै पच्ने खाना खानुपर्छ।

धेरै प्रोटीनयुक्त खाना नखानुहोस्, किनभने यसले मेटाबोलिक ताप बढाउँछ।

तलेका, मसलेदार, भारी खानाबाट टाढा बस्नुहोस्।

यदि प्रोटीन शेक लिइरहनु भएको छ भने यसमा बेरी (जस्तै ब्लुबेरी, स्ट्रबेरी) जस्ता फलहरू मिसाउनुहोस्।

२. डिहाइड्रेशन (निर्जलीकरण) बाट बच्न आवश्यक

गर्मीमा पसिना धेरै आउने भएकाले शरीरमा पानीको मात्रा झट्टै घट्न सक्छ। डिहाइड्रेशन कमजोरी, थकान, टाउको दुख्ने र चक्कर लाग्ने जस्ता समस्या निम्त्याउँछ।

दिनमा कम्तीमा ३-४ लिटर पानी पिउनुहोस्। जुस, नरिवल पानी, नींबू पानी, लस्सी, छाछ, बेलको शरबत र आमपना जस्ता पेय पदार्थहरू सेवन गर्नुहोस्।

३. पर्याप्त निद्रा लिनुहोस्

गर्मीमा दिन लामो र रात छोटो हुने भएकाले निद्राको तालिका बिग्रन सक्छ। थकान हटाउन र मानसिक स्वास्थ्यका लागि राम्रो निद्रा अनिवार्य छ। निश्चित समयमा सुत्ने र उठ्ने बानी बसाल्नुहोस्।

राति क्याफिन र मदिराजन्य पदार्थहरूको सेवन नगर्नुहोस्। गह्रौं खाना सुत्नुभन्दा कम्तीमा २ घण्टा पहिले मात्रै खानुहोस्।

४. गर्मीअनुसारको कपडा छनोट

धेरै गर्मी, पसिना र घामबाट बच्नः हल्का, आरामदायी र सुतिको (कटन) वा लिनन कपडा लगाउनुहोस्।

गाढा रंगको सट्टा उज्यालो रंगको कपडा छनोट गर्नुहोस्।

टाइट कपडाको सट्टा ढिलो र हावा लाग्ने कपडा लगाउनुहोस्।

नायलन, पा'लिस्टर जस्ता सिंथेटिक कपडाबाट टाढा रहनुहोस्।

५. छालाको सुरक्षा र स्किन केयर

गर्मीमा छाला सीधै घामको सम्पर्कमा आउँछ, जसले गर्दा छालामा समस्या देखिन सक्छ। त्यसैलेः नियमित सनस्क्रिनको प्रयोग गर्नुहोस्।

गाढा मेकअपको प्रयोग कम गर्नुहोस्।

नन-कमेडोजेनिक मेकअप सामग्री प्रयोग गर्नुहोस्, जसले पोर्स ब्लक गर्दैन।

मेकअप हटाएर सुत्ने बानी बसाल्नुहोस्।

क्लीन्जर प्रयोग गरेर छाला सफा गर्नुहोस्।

लोशन, क्रिम, सनस्क्रिन आदिलाई फ्रिजमा राख्नुहोस्, जसले प्रयोग गर्दा शीतलता दिन्छ।

**निष्कर्ष**

गर्मीको मौसमसँग जुझ्न जीवनशैली र खानपानमा सानोतिनो परिवर्तन नै पर्याप्त हुन्छ। शरीरलाई शीतल, हाइड्रेटेड र स्वस्थ राख्न सजग हुनु आवश्यक छ। गर्मीको असर केवल असजिलो महसुस हुनेसम्म सीमित छैन–यदि सावधानी अपनाइएन भने यसले गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्छ।

सजग बनौं, हल्का खाऔं, बढी पानी पिउँ, आरामदायी कपडा लगाऔं र गर्मीको लहरलाई सहजतापूर्वक पार गरौं।

(बालरोग विशेषज्ञ, डा सिंह बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका एशोसिएट प्रोफेसर हुन्)

# पाल्पाको रैथानेबाली सङ्कटमा



पाल्पा । यहाँका किसानहरु पछिल्लो समय खेती लगाउने सयममा उन्नत जातका बीउप्रति आकर्षित भएपछि रैथानेबाली सङ्कटमा पर्दै गएका छन् । उत्पादन बढी हुने र छिटो फल्ने हुँदा यहाँका किसान परम्परागत रैथाने बीउ छोडेर उन्नत जातका बीउ (हाइब्रिड)प्रति आकर्षित भएका हुन् ।

तानसेनको दमकडाकी सीतादेवी गौतमले पहिले-पहिले धान, मकै, प्याज, मूलाजस्ता कृषि उपजको रैथाने बीउ घरमै उत्पादन गर्ने गर्दथिन् । उनकोमा बीउ लिन जिल्लाका विभिन्न ठाउँबाट किसान त्यहाँ पुग्ने गर्दथे, तर हिजो आज भने बजारमा नै पाइने बीउ ल्याएर किसानले लगाउन थालेपछि भने गौतम कहाँ बीउ लिन कोही पनि आउँदैनन् । किसानले उन्नत जातका बीउ ल्याएर लगाउन थालेपछि आफूले अहिले बीउ घरमा राख्न छोडेको उनी बताउँछिन् ।

बर्खामा धान खेतीले भरिभराउ देखिने माथागढीका देउगीर, झडेवा, चिदीपानी, पूर्वखोलाका जल्पा, रिङ्नेरहजस्ता ठाउँमा मङ्सिर लाग्दा नलाग्दै खनजोत गरेर ठिकठाक हुन्थ्यो । कतै मुला, व्याजका बिरुवा त कतै सेतो केराउ लगाउन किसानलाई भ्याइनभ्याइ हुन्थ्यो । अहिले भने यहाँका खेत किसानका लागि बिरानो जस्तै बनेका छन् । रैथाने बीउ बेचेरै किसानको गुजारा चलेको थियो । पछिल्लो समय हाइब्रिडले बजार ओगटेपछि यहाँको स्थानीय जातको बीउ उत्पादन हुन छाडेको छ । बीउ किन्न किसानको घरदैलोमै पुग्ने व्यापारी हाइब्रिडमा आकर्षित हुन थालेपछि उत्पादन गर्न छाडेको किसान बताउँछन् । स्थानीय जातभन्दा हाइब्रिड सस्तो भएपछि खेती छाडेको देउगीरका किसान जीवन रायमाझी बताउँछन् ।

पाँच वर्षअघिसम्म लाखौँको मुला, प्याजको बीउ उत्पादन हुने यहाँका खेत आजभोलि किसानका लागि बिरानो बनेको उनी सुनाउँछन् ।

निस्दी गाउँपालिका मित्यालका धनबहादुर ठाडा भन्छन्-"पहिले-पहिले बारीमा पाइने सानो तितोकरेलाको बीउ नै पाइन छाड्यो । बीउ हराएसँगै सानो डल्ले प्रकृतिको करेलो नै हरायो । जब बजारमा लामा लामा बीउ आउन लागेपछि करेला मात्र होइन टमाटरको बीउ पाइन छाड्यो ।" बैशाखमा बारीमा मकैसँग छरिने काँक्रो पनि हरायो । बीउ राख्ने चलन नै हरायो । बजारमा धेरै फल्ने हाइब्रिड जातको बीउ आउन लागेपछि स्थानीय रैथाने जातको बीउ नै हरायो । यो अत्यन्त दुःखद् कुरा भएको स्थानीय लालबहादुर सोती बताउँछन् । "टमाटर, खुर्सानी, भिण्डी, भाण्टा, मुलाजस्ता स्थानीय जातका बीउ गाउँमा राख्न छाडेपछि बाली नै हरायो ।"-उनले भने ।

पहिलापहिला घरयासी प्रयोजनका लागि लगाइने अकबरे खुर्सानीको बीउसमेत हराउँदै गयो । पुरानो बीउ हराएपछि पनि बजारका बीउका कारणले पनि मूल्यमा ह्रास आएको रैनादेवी छहरा गाउँपालिका मुझुङका रमेश कार्कीले बताए ।

कालानमक, झिनुवा, कृष्णभोग, अनदी, समुद्रफिनी, मन्सरा, लल्का बासमती, पोखरेली मसिनोजस्ता रैथाने बास्नादार र स्वादिलो चामल अचेल सितिमिति भेटिंदैन । बोडी-सिमीका स्थानीय जात, मसिना चुच्चे करेला, रैथाने काँक्रो, रायो, ठूल्ठूला झाल हुने स-साना गोलभेँडा, कुभिण्डो, पाटे घिरौंलो, घैया धान, रातो चामल हुने सिम्ठारो धान, सेतो मकै, रैथाने मास-मस्याङ-गुराँस-भटमास पनि भेट्न मुश्किल पर्छ । यस्तो किन भइरहेको छ त ? बुझ्न गाह्रो छैन । खाने मुख र बजारको माग बढेपछि धेरै अनाज र तरकारी फलाउनुपर्ने बाध्यताले किसानलाई 'विकासे' बीउ लगाउन हौस्याएको हो । कृषि प्राविधिक आरसी चौधरीभने किसानले कम उत्पादन हुने रैथाने छाडेर धेरै फल्ने वर्णसंकर बीउ लगाउनुलाई स्वाभाविक नै ठान्छन् । "रैथाने जातको संरक्षण गरिदिने काम किसानको होइन, सरकारको हो ।"-उनी भन्छन् ।

# पर्यटकलाई आकर्षित गर्ने बुकीपाटनका भेडीगोठ



ढोरपाटन । बुकीपाटनको उत्तर पट्टी देखिने अनगिन्ती हिमशृंखला । चारैतिर हरियाली पहाड । त्यही पहाडका डाँडैभरि सेताम्मे भेडाका बथान । छेउछाउमा बाँसको चित्रा र लास्टिकका त्रिपालले बेरिएका केही अस्थायी गोठ । जहाँ केही थान दुःख, केही थान खुसी र केही थान आशा बोकेर बसेका गोठाला भेटिन्छन् र उनीहरूसँगै भेटिन्छन् भर्खरै जन्मिएरका भेडाका पाठा । जसले लेकाली जनजीवनलाई छर्लङ्ग पार्छ । समथर चौरमा चर्दै गरेका भेडाले धेरैलाई आकर्षित गरेको छ ।

हिजोआज त्यही भेडीगोठ र भेडाका बथान हेर्ने बुकीपाटन पुग्ने पर्यटक बढ्दै छन् । हजारौं भेडा र सयौं गोठालको बासस्थान बनेको छ ढोरपाटन बुकीपाटन अब पर्यटक घुम्ने ठाउँका रूपमा पनि विकास हुँदैछ । यति बेला बुकीपाटनमा घाँस पलाएर हरियाली बनेको छ । त्यही हरियालीमा सेताम्मे भेडाका बथानले बुकीपाटनको सुन्दरतालाई बढाएको छ । पाँच वर्ष अगाडिसम्म बुकीपाटन भेडा गोठालाका लागि मात्रै प्यारो थियो । तर अहिले प्राकृतिक सुन्दरतासँग रम्नेका लाग अझ बढी प्रिय बनेको छ ।

भेडाका बथानले ढपक्क ढाकिएको बुकी हेर्न हजारौं पर्यटक लालायित छन् । ढोरपाटन उपत्यका पुग्ने जो कोही पर्यटक बुकीपाटन सहजै पुग्न सक्दैन । उच्च पहाडी क्षेत्र रहेको हुँदा लेक लाग्ने सम्भावना बढी हुन्छ । पछिल्लो दुई वर्षयता बुकीपाटन पुग्ने पर्यटक र पत्रकारले त्यहाँको दृश्य सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत् प्रचारप्रसार गर्न थालेपछि ढोरपाटन उपत्यका पुग्ने पर्यटकले बुकीपाटनको यात्रा तय गर्ने छन् । बुकीपाटन पुग्न सडक सञ्जालको सुविधा छैन । अघिल्लो वर्षसम्म गोरेटोमार्फत भेडीगोठाला र पर्यटक बुकीपाटन उक्लिने गर्थे । यस वर्ष भने पदमार्ग बनेको छ ।

नेपालको एकमात्र शिकार आरक्ष ढोरपाटनमा पर्ने बुकीपाटन पर्यटक आकर्षणको केन्द्र बन्दै गएको छ । यहाँ आउने पर्यटकको नजरमा सबैभन्दा पहिले भेडाका बथान र भेठी गोठमा पुग्ने गर्छ । ढोरपाटन पाखाथरदेखि करिब पाँच घण्टाको पैदल यात्राान बुकीपाटनको पहिलो गन्तव्य गर्पाछेडा पुगिन्छ । गर्पाछेडा पुग्दा बित्तिकै चारै तिर हजारौंका संख्यामा छरिएर चर्दै गरेका भेडाका बथान देख्दा पर्यटकको थकाननै मेटिने गर्छ । बुकीपाटनमा आउने अधिकांश पर्यटक भेडाका बथानसँग रमाउने ढोरपाटनका भेठी गोठाला भक्त अदैले बताए ।

पाँच वर्ष अगाडिसम्म गोठाला र भेडाका बथानबाहेक कोही पनि बुकीपाटनमा नआउने गरेको भन्दै पछिल्लो समय दिनदिनै शहर बजारबाट पर्यटक घुम्न आउने गरेको उनले सुनाए । आफूहरू बच्चैदेखि बुकीपाटनमा बस्ने हुँदा यहाँको सुन्दरतासँगै रमाउने बानी परिसकेको उनको भनाइ छ । पर्यटकले भेडीगोठ, भेडाका बथान र गोठालाका जनजीवनबारे बढी चासो दिएर हेर्ने गरेको अदैले बताए । पर्यटक आउन थालेपछि बुकी पाटनमा पहलपहल बढ्न थालेको उनी बताउँछन् ।

"हामीहरू रहरले बुकीमा बसेका हैनौं, तर अहिले त मान्छेहरू रहरले घुम्न आउँछन्, भेडा पाल्ने हाम्रो बाध्यता हो, यहीबाटै हामीहरूले जीविकोपार्जन गर्छौं, पहिले गाठाला मात्रै हुन्थ्यो, बाहिरी मान्छे कोही आउँदैनथ्यो, अहिले हिउँदसम्मै बाहिरी मान्छेको चाप हुन्छ", उहाँले भने-"शहर बजारका मान्छेले भेडाको बथान नदेखेको भएर होला, यहाँ आए भने घण्टौं भुल्छन्, हामीहरूलाई पनि अनेक जिज्ञासा राखेर जान्छन्, कोही त दुई/तीन दिननै यही बस्छन् ।"

दहखर्क, टीकाधारा, फुर्सेधारा, फागुनेलगायत थुप्रै बुकीपाटन क्षेत्र पर्छन् । यो याममा बागलुङसहित पूर्वी रुकुम, डोल्पा र म्याग्दीका सयौं गोठालाहरू अस्थायी गोठ बनाएर बस्दै आएका छन् ।

सयौं गोठालाको हजारौं संख्यामा भेडाबाख्रा, गाईभैंसीले बुकी पाटन नै ढाकिएका हुन्छन् । एउटै गोठालाको पाँच हजारसम्म भेडा हुन्छन् । धेरै स्थानबाट गोठालाहरूले भेडा लिएर आउँदा सिङ्गो पहाड नै ढपक्क ढाकिने गर्छ । रोल्पाको सुनछहारीबाट बागलुङको निसीखोला, निसेलढोर हुँदै बुकीपाटन आएका पुनराम घर्तीमगरले हिजोआज घुम्न आउने पर्यटकको संख्या बढेको सुनाउँछन् ।

आफू झण्डै ४० वर्षदेखि बुकीपाटनमा भेडा चरनका लागि आएको सुनाउँदै पहिले कोही पनि घुम्नका लागि नआउने उनको भनाइ छ । रोल्पाबाट दुई साता लगाएर भेडी गोठ लिएर आएको घर्तीमगरले बताए । आफूले झण्डै एक हजार ७०० भेडा पाल्दै आएको उनको भनाइ छ । एकै ठाउँमा हजारौंको संख्यामा भेडा देख्दा घुम्न आएका पर्यटक दङ्ग पर्ने घर्ती मगर बताउँछन् । पर्यटकले गोठालाको कपडा, खाना र बासस्थानलाई बढी चासो दिएर हेर्ने गरेको उनले सुनाए ।

उनले भने-"बुकीपाटन त हामीजस्ता गोठलाको लागि घाँसको भण्डार हो, यहाँ जति गए पनि जति भेडा चराए पनि चार/पाँच महिनालाई प्रशस्त घाँसले पुग्छ, यहाँको घाँस पोषिलो हुने हुँदा भेडा सप्रिन्छन्, त्यसले गर्दा बर्खाको समय बुकीपाटन आउँछौं, अहिले त गोठाला मात्रै होइन, पर्यटक पनि बुकीपाटन आउन थाले, उनीहरूले यहाँ आएर हाम्रो भिडियो बनाएर जान्छन्, के-केमा आउँछ हेर्नु होला भन्छन्, हामीसँग मोबेल (मोबाइल) पनि छैन, केही छैन के बाट हेर्ने ?"

बुकीपाटन समुद्री सतहदेखि चार हजार ५०० मिटरको उचाइसम्म फैलिएको छ । यहाँ हरेक बर्सातको समय असारदेखि कात्तिकसम्म गोठाला बस्ने गर्छन् । कात्तिक महिना पछाडि चिसो बढ्ने हुँदा बैंसी झर्ने गर्छन् । भैरवाहदेखि बुकीपाटन आएका प्रकाश ज्ञवालीले यहाँको प्राकृतिक सुन्दरता र भेडाका बथानले आफूलाई लोभ्याएको बताए । आठ जनाको समूहमा ढोरपाटन उपत्यका घुम्न आएको बेला होटल व्यावसायीले बुकीपाटन जान सुझाएपछि बुकी उक्लिएको उनको भनाइ छ । आफूले अहिलेसम्म एकै ठाउँमा हजारौं भेडा नदेखेको ज्ञवालीले सुनाए ।

"बुकीपाटनमा म पहिलोपटक आएको हुँ, यति अग्लो उचाइमा पहिलोपटक आएको, त्यसमाथि जिन्दगीमै पहिलोपटक पहाडै ढाकिने गरी चर्दै गरेका भेडाका बथान देखें, यो मेरो 'लाइफ'कै अविस्मरणीय हुनेछ", ज्ञवालीले भने-"यहाँका गोठाला कति सहयोगी, कति मायालु, सबैभन्दा बढी त म यहाँको गोठ र भेडाहरूले प्रभावित भए, अहिले छोटो समयका लागि आएको थियौं, अर्को पटक आउँदा धेरै दिन बस्ने गरि आउने छौं ।"

# विज्ञान प्रदर्शनी कार्यक्रम सम्पन्न



बुटवल । सामाजिक विकास डिभिजन कार्यालय रूपन्देहीको आयोजनामा विज्ञान प्रदर्शनी कार्यक्रम शनिबार बुटवलमा सम्पन्न भएको छ ।

रुपन्देही जिल्ला र नवलपरासी (ब.सु.पू) दुई जिल्लाका दशवटा विद्यालयहरूको सहभागिता रहेको विज्ञान प्रदर्शनीमा नवीन औद्योगिक कदरबहादुर रीता मा.वि प्रथम, कान्ति मा.वि द्वितीय र होराइजन गौतम बुद्ध स्कूल तिलोत्तमा तृतीय भएका छन् । प्रथम, द्वितीय र तृतीयलाई नगद पुरस्कार प्रदान गरिएको थियो ।

सामाजिक विकास डिभिजन कार्यालय रूपन्देहीका कार्यालय प्रमुख हरिबहादुर विष्टको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेश सचिव बसन्तप्रसाद कोइरालाको प्रमुख अतिथ्यतामा आयोजित कार्यक्रममा विशिष्ट अतिथि सामाजिक विकास निर्देशनालय लुम्बिनी प्रदेशका निमित्त महानिर्देशक नारायणप्रसाद पोखरेल, सामाजिक विकास मन्त्रालय उच्च शिक्षा महाशाखाका प्रमुख विष्णुप्रसाद पन्थी, शिक्षा विकास तथा समन्वय इकाइ रूपन्देहीका इकाई प्रमुख माधव बञ्जाडेले आ-आफ्ना धारणा राखेका थिए ।

सामाजिक विकास डिभिजन कार्यालय रूपन्देहीका लेखा अधिकृत टोलप्रसाद पोखरेलको सञ्चालनमा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य सामाजिक विकास डिभिजन कार्यालयका वरिष्ठ प्रशासन सहायक हरिप्रसाद काफ्लेले राखेका थिए ।

निर्णायक मण्डलमा सामाजिक विकास डिभिजन कार्यालय रूपन्देहीका कार्यालय प्रमुख हरिबहादुर विष्टको संयोजकत्वमा प्रा. डा रमेश नारायण त्रिपाठी भौतिक शास्त्र, उप-प्रा डा मूर्तिराम पौडेल जीव विज्ञान, वसन्तराज खनाल रसायनशास्त्र, लेखनाथ पन्थ आइटी विज्ञ, ई. गौरव रिजाल सिभिल इञ्जिनियरिङ र ई.शिवकुमार पंगेनी मेकानिकल रहेको कार्यक्रममा कालिका मानवज्ञान मावि, शान्ति नमूना मावि, त्रिभुवन मावि, बेलटारी जनसेवा मावि, एभरेष्ट मावि, लुम्बिनी ज्ञान निकेतन मावि र न्यू होराइजन माविको सहभागिता रहेको नवीन औद्योगिक कदरबहादुर रीता माविका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले जानकारी दिए ।

# गर्मी छल्न 'कुलिङ सेन्टर'



खजुरा (बाँके) । नेपालगञ्ज उप-महानगरपालिकाले गर्मी छल्न 'कुलिङ सेन्टर' सञ्चालनमा ल्याएको छ । उपमहानगरपालिका र नेपाल रेडक्रस सोसाइटी बाँकेको संयुक्त लगानीमा वडा नं ४ बसपार्क क्षेत्रभित्र सेन्टर सञ्चालनमा ल्याइएको हो ।

नेपालगञ्जलाई नेपालकै सबैभन्दा बढी गर्मी हुने ठाउँका रूपमा चिन्ने गरिएको छ । गर्मीमा छल्न तातो हावाको लहर (लू) प्रतिकार्य योजनाअनुरुप यात्रुलाई लक्षित गरी बसपार्कभित्र कुलिङ सेन्टर निर्माण गरिएको उपमहानगरप्रमुख प्रशान्त विष्टले जानकारी दिए ।

उनका अनुसार असाध्यै गर्मीसँगै (लू) चलेको समयमा यसले नागरिकलाई राहत दिनेछ । यहाँको उपयोगिताको आधारमा नगरका अन्य स्थानमा पनि आवश्यकताअनुसार कुलिङ सेन्टर बनाउने योजना रहेको उपमहानगरप्रमुख विष्टले बताए ।

उपमहानगरपालिकाको रु २७ लाख लागतमा निर्माण गरिएको उक्त सेन्टरमा नेपाल रेडक्रस सोसाइटीले रु १२ लाख मूल्य बराबरका आवश्यक सामग्री सहयोग गरेको उपमहानगरको भौतिक पूर्वाधार शाखा प्रमुख ई भुपेन्द्र बोहराले जानकारी दिए ।

वातावरणमैत्री संरचनायुक्त यस ठाउँमा कुलिङ सिस्टम, आपतकालीन स्वास्थ्य सेवा, पिउनेपानीलगायत सुविधा रहेका छन् । एक हजार २९१ स्क्वायर फिट क्षेत्रफलमा बनेको यस सेन्टरको छानामा युपिभिसी, सिलिङमा जिप्सन बोर्ड लगाइएको इञ्जिनियर चन्दनराज दासले जानकारी दिए ।

हार्दिक समवेदना



जन्मः
१९९४/०८/२४
मृत्युः
२०८२/०३/११
स्व. धनश्याम ढकाल

यस सिद्धार्थ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित दैनिक लुम्बिनीका पाल्पा रामपुर संवाददाता वासुदेव ढकालका पुजनीय पिता **स्व. धनश्याम ढकाल**को यहि मिति २०८२ असार ११ गतेका दिन ८८ वर्षको उमेरमा भएको दुःखद निधनले हामी स्तब्ध भएको छौं । शोकको आज १२ औं दिनको पूण्यतिथिमा दिवगंत आत्मको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजन तथा आफन्तजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

**मोहन चापागाई**
अध्यक्ष
एवम्
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
**सिद्धार्थ पब्लिकेशन प्रा.लि. परिवार**
बुटवल-११, माझगाउँ, देवीनगर

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**मौरीको हेरचाह गर्दै किसानः**
दाङको घोराही उपमहानगरपालिका-१३ स्थित डुम्मरगाउँको राप्ती मौरी पालन केन्द्र परिसरमा मौरीको हेरचाह गर्दै किसान दीपकुमार बुढामगर। उनका अनुसार मौरीपालनका लागि आवश्यक वनस्पति र हावापानीको हिसाबले दाङ उपत्यका उपयुक्त क्षेत्र मानिन्छ। तस्विर : कुलदीप न्यौपाने/रासस

# होटेल म्यानेजमेन्टमा आस्थमको उत्कृष्ट नतिजा



बुटवल । बुटवलकै पुरानो एशियन स्कूल अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट (आस्थम) बुटवलले १६औं ब्याचका उत्तीर्ण विद्यार्थीलाई सम्मान तथा बधाई ज्ञापन गरेको छ । बुटवल-८ राजमार्ग चौराहास्थित आस्थमबाट डीएचएम र एडीएचएममा तीन जना डिस्टिङ्सनसहित सबै विद्यार्थी पास आउट भएका छन् । आस्थमबाट एडीएचममा टपर र डिष्टिङ्सन अंक ल्याउने अनुप थापा र प्रज्ज्वल गुरूङ, डीएचएममा टपर सुस्मिता थापा, रक्षा शाह गुप्ता र अञ्जुली चौधरीलगायत विद्यार्थीलाई सम्मान गरिएको हो । सुस्मिताले ८८.२० प्रतिशत, रक्षाले ८२.२० प्रतिशत,अन्जुलीले ८१.१० प्रतिशत, अनुप थापाले ८३.८२ प्रतिशत र प्रज्ज्वल गुरुङले ८३.४५ प्रतिशत अंक सहित उत्कृष्टता हासिल गरेका हुन् ।

लुम्बिनी प्रदेशकै उत्कृष्ट होटेल म्यानेजमेन्ट तालिम केन्द्र रहेको आस्थमले पछिल्लो यो नतिजा लुम्बिनी प्रदेशकै उत्कृष्ट रहेको दाबी गरेको छ।

कार्यक्रममा आस्थमका प्रबन्धक निर्देशक जीएस गुरूङले बोल्दै होटल व्यवस्थापनको तालि आफैँमा सीपमूलक र व्यवहारिक भएकाले कोही पनि बेरोजगार हुन नपर्ने बताए । आस्थमले भोकेसनल एजुकेशनलाई जोड दिँदै आएको बताउँदै निर्देशक गुरूङले यो कोर्ष अध्ययन गरेको विद्यार्थी ब्याचलर तेस्रो सेमेस्टरमाथि जुनकुनै देशमा गएर पनि आफ्नो अध्ययनलाई अघि बढाउन सक्ने बताए ।

कार्यक्रममा संस्थाका कोअर्डिनेटर मिलन रानाले डिप्लोमा लेभलको होटल म्यानेजमेन्ट कोर्ष पूरा गरेपछि स्वेदश र विदेशमासजिलै रोजगारी पाउन वा आफैं व्यवसायी बन्न सकिने जनाए । आस्थमका पूर्व विद्यार्थी तथा होटल द फ्लामिंगोका सुपरभाइजर योगेश अधिकारीले स्वदेशमै हस्पिटालिटी क्षेत्रमा ठूलो सम्भावना रहेकाले यहीं बसेर धेरै काम गर्न सकिने उल्लेख गरे ।

आस्थम बुटवलको पहिलो दर्ता भएको होटल म्यानेजमेन्ट अध्यापन गराउने शैक्षिक संस्था हो । हालसम्म १० हजारभन्दा बढी विद्यार्थीले विभिन्न अवधिका तालिम पूरा गरेका छन् । वि.स.२०६० सालमा स्थापना भएको आस्थमले १५ महिने र ६ महिने गरी एड्भान्स लेवलको होटल म्यानेजमेन्टको तालिम प्रदान गर्दै आएको छ । आस्थमले हरेक वर्ष एक महिना स्विजरल्याण्डबाट होटेल व्यवस्थापनका विज्ञ ल्याएर विद्यार्थीलाई सिकाउँदै आएको छ ।

सो अवसरमा आस्थमका तालिम संयोजक इश्वरमान थापा, विद्यार्थीहरु दिक्षा शाहलगायतले बोल्दै उत्कृष्ट व्यवस्थापन र विद्यार्थीमैत्री वातावरणका कारण आस्थमका विद्यार्थीको राम्रो नतिजा आएको बताए । आस्थममा डीएचएम, एडीएचएम र डीजीसिएको पढाइ हुन्छ । यी कोर्षको शत प्रतिशत इन्टर्नसीप र रोजगारीमा सहभागी, युकेबाट प्रमाणित कोर्ष, व्याचलरको दोस्रो र तेस्रो वर्ष विदेश पढ्न ट्रान्सफर गर्न सकिने, स्वीजरल्याण्डका दक्ष प्रशिक्षक र प्रयोगात्मकलाई आस्थमका सबल पक्ष रहेको विद्यार्थीहरुले बताए ।

# वनलाई आयआर्जनसँग जोड्छौंः मुख्यमन्त्री आचार्य



अर्घाखाँची । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले वन क्षेत्रलाई उत्पादन र आम्दानीको माध्यमका रूपमा विकास गरिने बताएका छन् ।

शनिबार अर्घाखाँचीको डिभिजन वन कार्यालयअन्तर्गत डिभिजन वन नर्सरी, रुब्दी पुगेर अवलोकन गरेका मुख्यमन्त्री आचार्यले वृक्षरोपण कार्यक्रमलाई मात्र नभई त्यसपछिको संरक्षण र उपयोगितासम्म विस्तार गर्नुपर्ने धारणा राखेका थिए ।

'हामीले लगाएका बिरुवाहरू संरक्षित हुनु अत्यन्त जरुरी छ,' उनले भने-'वनमा खेर जाने पातपतिंगर र झार संकलन गरेर प्राङ्गारिक मल उत्पादनमा प्रयोग गर्न सकिन्छ । यसले वन व्यवस्थापनमा योगदान पुग्नुका साथै डढेलो नियन्त्रणमा पनि सघाउ पुऱ्याउँछ ।'

मुख्यमन्त्री आचार्यले सामुदायिक वनहरूलाई प्राङ्गारिक मल उत्पादनमा सक्रिय बनाइ कृषि क्षेत्रसँग जोड्न सकिने बताउँदै प्रदेश सरकारले अघि सारेको अर्गानिक खेती अभियानलाई यसले थप टेवा पुऱ्याउने स्पष्ट पारे ।

उनले वन क्षेत्रलाई केवल संरक्षणको दृष्टिकोणले मात्र नभई उद्यम, रोजगारी र आयआर्जनको स्रोतका रूपमा विस्तार गर्ने खालका कार्यक्रमहरू आवश्यक रहेकोमा जोड दिए ।

डिभिजन वन कार्यालय अर्घाखाँचीका सहायक वन अधिकृत केशर खड्काका अनुसार चालू आर्थिक वर्षमा जिल्लामा ६३ हेक्टर क्षेत्रमा वृक्षरोपण गर्ने लक्ष्य रहेको छ । साउन १४ गतेसम्म झण्डै १ लाख बिरुवा वितरण भइसकेको जानकारी खड्काले दिए ।

हाल जिल्लाभित्र ६ वटा नर्सरीमा १ लाख ६३ हजार वटा वर्षे र बहुवर्षे बिरुवा तयारी अवस्थामा छन् । डिभिजन वन कार्यालयले तेजपात र टिमुरको विशेष खेतिबिस्तारको अभियान थालेको छ ।

कम्तिमा पाँच सय बिरुवा माग गर्नेहरूका लागि कार्यालयले निःशुल्क ढुवानी गर्ने, रोपण कार्यमा सहजीकरण समेत गर्दै आएको छ। हालसम्म टिमुरका २० हजार पाँच सय र तेजपातको १२ हजार नौं सय बोट रोपण गरिएको छ। यो अभियान साउन १४ सम्म चल्ने कार्यालयले बताएको छ।

बिरुवा रोपिएका क्षेत्रहरूको प्रभावकारी अनुगमनका लागि जीपीएस लोकेसन प्रणालीमार्फत् निगरानीको व्यवस्था गरिएको डिभिजन वन कार्यालयले जनाएको छ।

# प्रथम तिलोत्तमा कोरा हुँदै




बुटवल । तिलोत्तमा राइडर्स क्लबले तिलोत्तमा नगरपालिकामै पहिलोपटक प्रथम तिलोत्तमा कोरा २०८२ आयोजना गर्ने भएको छ । साइक्लिङमार्फत् नगरका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरुको पर्यटन प्रवर्धन तथा अनाथ बालबालिकाको सहयोगार्थ आगामी साउन ३ गते कोरा हुन थालेको हो । कोराको अर्थ परिक्रमा (घुम्नु) हो ।

ड्राइभरटोलबाट सुरु भई विभिन्न वडा हुँदै ५० किलोमिटर साइक्लिङपछि वनबाटिका पुगेर समापन हुने तिलोत्तमा राइडर्सका अध्यक्ष अर्जुन गुरुङले बताए । कोरामा भाग लिन साइक्लिस्टहरुको नाम दर्ता चलिरहेको र शनिबारसम्म ६० जनाभन्दा बढीले नाम दर्ता गराइसकेका अध्यक्ष गुरुङले बताए । नाम दर्ताको समय असार २८ गतेसम्म रहेको छ । बढीमा ८० जनालाई कोरामा सहभागी गराइने क्लबका सचिव सुवास थापाले जनाए । नगरपीलकामा पहिलो कोरा कार्यक्रम भएकाले व्यवस्थित, भव्य र स्मरणीय बनाउने गरी तयारी भइरहेको सचिव थापाले जानकारी दिए । कार्यक्रमको तयारीबारे बसेको आयोजक क्लबको बैठकमा उपाध्यक्ष शंकर मल्ल, सल्लाहकारहरु सन्तोष केसी, क्याप्टेन कृष्णबहादुर कार्कीलगायतले कार्यक्रमलाई उत्कृष्ट बनाउन विभिन्न सुझाव दिएका थिए ।

कार्यक्रमलाई किड्स अब्रोड एजुकेसन कल्सल्टेन्सीले मुख्य प्रायोजन गरेको छ ।

# एसिसी यू-१६ कपको उपाधि नेपाललाई



बुटवल । नेपालले एसिसी यू-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । मलेसियाको युकेएम ओभलमा शनिबार सम्पन्न फाइनलमा सिङ्गापुरलाई दुई विकेटले पराजित गर्दै नेपालले उपाधि हात पारेको हो ।

सिङ्गापुरले दिएको एक सय १४ रनको सामान्य लक्ष्य नेपालले २९ ओभरमा आठ विकेटको क्षतिमा पूरा गऱ्यो । नेपालका लागि जोय थापा र अभय यादव अविजित रहँदै क्रमशः २४ र १० रनको महत्वपूर्ण योगदान दिए । साथै शिवान्स बजगाईले २०, शुभम खनालले १८ र प्रसिद्ध जैशीले १७ रन बनाए ।

सिङ्गापुरका लागि कपिस भेन्कटरमनले चार विकेट लिए भने युवान पाण्डेले दुई विकेट लिए । साथै भेदान्स गुप्ता र आकाश तेजाले एक/एक विकेट लिए ।

सामान्य लक्ष्य पछ्याएको नेपालले १३ रन बनाउँदा पहिलो विकेट गुमायो । त्यसपछि शिवान्स बजगाईंले एक छक्का र दुई चौकाको प्रहार गर्दै आक्रामक ब्याटिङ गर्दै पारीलाई अगाडि बढाए । नेपालले ४० रन बनाउँदा लगातार दुई विकेट गुमाएपछि दबाबमा पऱ्यो । नेपालले ५८ रन छँदा थप दुई विकेट गुमायो । छैटौ विकेटका लागि नेपालले जोय थापा र सुभास खनालले महत्वपूर्ण ३३ रनको साझेदारी गरे । नेपालले ९१ रन छँदा छैटौ र ९२ रन छँदा सातौ र आठौ विकेट गुमाएको थियो ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको सिङ्गापुरले ४० दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ११३ रनको योगफल बनायो । उसका लागि रोहन अस्टिनले सर्वाधिक २३ रन बनाए । त्यसैगरी रिहान नाइकले १५, दान्स गुप्ता १२ रन र आकाश तेजा १० रन बनाए । त्यसबाहेक सिङ्गापुरका अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

सिङ्गापुरका लागि सस्तैमा समेट्ने क्रममा नेपालका लागि अभय यादव र सुशीलबहादुर रावलले समान तीन/तीन विकेट लिए भने शुभम खनालले दुई विकेट लिए । त्यस्तै कप्तान बिपिनप्रसाद शर्माले एक विकेट लिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com